




# केरला हाई कोर्टद्वारा श्रीशान्तको आजीवन प्रतिबन्ध हटाउने निर्देश

केरला, ८ अगस्त

भारतीय क्रिकेटर श्रीशान्तमाथि लगाइएको आजीवन प्रतिबन्ध हटाउन केरला हाई कोर्टले भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई) लाई निर्देशन दिएको छ। सन् २०१३ मा इण्डियन प्रिमियर लिग (आइपीएल) क्रिकेटको क्रममा स्पट फिक्सिङ काण्डमा मुछिएपछि बीसीसीआईले श्रीशान्तलाई आजीवन प्रतिबन्ध लगाएको थियो। तर सन् २०१५ मा दिल्लीको अदालतले श्रीशान्तको प्रतिबन्ध हटाएको थियो। दिल्ली कोर्टको निर्देशपछि पनि बीसीसीआईले आजीवन प्रतिबन्ध नहटाएको भन्दै श्रीशान्तले गत मार्चमा मुद्दा दायर गरेका थिए। मुद्दा दर्ता गरेको पाँच महिनापछि केराला हाई कोर्टले दिल्ली अदालतले सफाइ दिएको अवस्थामा बीसीसीआईले आजीवन प्रतिबन्ध हटाउनुपर्ने निर्णय सुनाएको हो।



अदालतको आदेशपछि श्रीशान्तले राहत महसूस भएको प्रतिक्रिया दिएका छन्। उनले आफूलाई धेरैले समर्थन गरेको बताउँदै सबैलाई धन्यवाद दिएका छन्। 'धेरैले मलाई फसाइएको भन्दै समर्थन गरेका छन्,' श्रीशान्तले भने, 'समर्थकले साथ दिएकाले नै मैले मुद्दा दायर गरेको हो। उनीहरूको विश्वासलाई आज आदलतले सही साबित गरेको छ।' दिल्ली पुलिस र बीसीसीआईले लगाएको आरोपलाई दिल्ली अदालतले गलत पुष्टि गरेर आफूलाई निर्दोष साबित गर्दा पनि आफूमाथिको प्रतिबन्ध नहटाइएको भन्दै श्रीशान्तले मुद्दा दर्ता गरेका थिए। बीसीसीआईले प्रतिबन्ध नहटाएर संवैधानिक आधिकार उल्लंघन गरेको श्रीशान्तको दाबी छ।

बीसीसीआईले निर्णय कार्यान्वयनको विषयमा बोर्डमा छलफल हुने जनाएको छ। बीसीसीआईका कार्यवाहक अध्यक्ष सीके खन्नाले अदालतको निर्णयबारे बोर्डमा कुरा हुने र उचित निर्णय लिने बताए। उनले श्रीशान्त क्रिकेटमा फर्किंदा बीसीसीआईलाई कुनै समस्या नभएको बताए पनि आजीवन प्रतिबन्ध फुकुवा हुनेबारे स्पष्ट उत्तर दिएनन्। अदालतको निर्णयपछि पनि बीसीसीआईले अनुमति नदिंदा श्रीशान्तले क्रिकेट खेल्न पाएका छैनन्। यसअघि श्रीशान्तले स्कटल्याण्डमा क्रिकेट खेल्न बीसीसीआईसँग नो अब्जेक्सन लेटर मागे पनि पाएका थिएनन्। त्यसअघि पनि श्रीशान्तले बीसीसीआईसँग क्रिकेट खेल्न अनुमति मागेका थिए। सन् २०१३ को आइपीएलपछि श्रीशान्तले आधिकारिक प्रतियोगिता खेलेका छैनन्।

# भारतका पदक विजेतालाई भैंसी, घिउ र बदाम पुरस्कार!

नयाँ दिल्ली, ८ अगस्त

तुर्कमिनिस्तानको ड्याफलिपिकमा भएको एक प्रतियोगितामा पदक जितेर स्वदेश फर्किएका भारतीय कुस्ती खेलाडीले अनौठो पुरस्कार पाएका छन्। सो प्रतियोगितामा स्वर्णपदक विजेता वीरेन्द्र र काँस्यपदक जित्न सफल अजयलाई ओलम्पिक खेलकुदका पदक विजेता चर्चित भारतीय कुस्ती खेलाडी सुशील कुमारले अनौठो पुरस्कारबाट सम्मानित गरेका हुन्। सुशीलले तुर्कमिनिस्तानबाट पदक जितेर फर्किएका खेलाडीलाई हौसला बढाउन घिउ, बदामको बोरा, भैंसी र स्कुटर पुरस्कार दिएर सम्मान गरे।

छत्रसाल स्टेडियममा भएको कार्यक्रममा सुशीलले पहलमान वीरेन्द्रलाई एक भैंसी, ५० किलो बदाम र एक डिब्बा घिउबाट सम्मानित गरे। यसैगरी उनले अर्का पहलमान अजयलाई स्कुटर, एक बोरा बदाम र एक डिब्बा घिउ पुरस्कार दिए। ओलम्पिक पदक विजेता सुशील कुमारले विजेता खेलाडीको प्रोत्साहनका लागि नौलो किसिमको पुरस्कार दिएको बताए।

'यी पहलमानको सफलतामा म गर्व गर्दछु। उनीहरूलाई अगाडि बढाउन अहिले प्रोत्साहनको जरुरी छ। उनीहरूलाई थप प्रोत्साहन मिलोस् भनेर भिन्न खालको पुरस्कार दिएको हुँ', सुशीलले भने। सुशीलका गुरु सतपालले कुस्तीको विकासका लागि ठूला व्यावसायिक घराना अगाडि आउनुपर्ने धारणा व्यक्त गरे। तुर्कमिनिस्तानमा पदक जितेका वीरेन्द्र र अजय हाल गुरु अनुमान अखडामा अभ्यास गर्दै आएका छन्। उनीहरूलाई द्रोणाचार्य पुरस्कार विजेता महावीर रावले तालिम दिंदै आएका छन्। वीरेन्द्रले तुर्कमिनिस्तानमा तेस्रोपटक स्वर्ण जितेका हुन्। उनले यसअघि सन् २००५ र सन् २०१३ मा पनि स्वर्ण पदक जितेका थिए।

# बार्सिलोना अध्यक्षले गरे नेयमारको आलोचना

नाउ क्याम्प, ८ अगस्त

बार्सिलोनाका अध्यक्ष जोसेप मारिया बार्टोमेउले ब्राजिलियन नेयमारको आलोचना गरेका छन्। उनले फान्सेली क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) जाने क्रममा देखाएको व्यवहारप्रति नेयमारको आलोचना गरेका हुन्।

बार्सिलोना छोड्ने तयारी हुँदाहुँदै पनि नेयमारले क्लबसँग सन् २०१६ मा नयाँ सम्झौता गरेको हुनसक्ने आशंका क्लबलाई लागेको बार्टोमेउले बताएका छन्। २५ वर्षका ब्राजिलियन फरवार्ड नेयमार हालै मात्र कीर्तिमानी मूल्यमा पीएसजी गएका छन्।

बार्सिलोनाका अध्यक्ष बार्टोमेउले भने, 'उनले जसरी क्लब छोडे त्यो राम्रो थिएन। यो त्यो व्यवहार होइन, जुन हामी बार्सिलोनाका खेलाडीहरूबाट अपेक्षा गर्छौं।'

बार्सिलोना छोड्ने चर्चा चल्दै गर्दा नेयमारले कुनै प्रतिक्रिया दिन मानेनन्। तर, प्रि-सिजन टुरबाट ट्रेनिङ्मा फर्किए लगतै आफूले क्लब छोड्न चाहेको जानकारी दिए।

क्लबले पनि भविष्यबारे टुंगो लगाउन समय दियो। त्यसको दुई दिनमा नै उनको ट्रान्सफर पूरा भयो। नेयमारले आफू नयाँ चुनौतीका लागि पीएसजी आएको बताएका छन्।

तर, उनले गत अक्टोबरमा मात्र बार्सिलोनासँग ५ वर्षको सम्झौता गरेका थिए। त्यसबेला नै नेयमारले क्लब छोड्न सक्ने विश्लेषण गरिएको सुनाउँदै बार्सिलोना अध्यक्ष बार्टोमेउले भने, 'नेयमारले छोड्न सक्छन् भनेर हामीले अनुमान गऱ्यो। त्यसैले रिजिल क्लज २२२ मिलियन युरो राख्यौं।'

नेयमारलाई बार्सिलोनामै राख्न आफूहरुले प्रयास गरेको तर, निर्णय उनको भएको बताए।

स्पोटर्स क्लबको साधारण सभालाई सम्बोधन गर्दै बार्सिलोनाका अध्यक्ष बार्टोमेउले नेयमारको सम्झौतालाई मेस्सी र इनिस्टासँग तुलना गरे, जसले आफ्नो करियर नै बार्सिलोनामा बिताएका छन्। 'बार्सिलोनाभन्दा माथि कुनै खेलाडी छैन' उनले भने।

# 'गोल्डेन गर्ल' बेट्टी कथबर्टको निधन

लण्डन, ८ अगस्त

विश्व एथलेटिक्समा 'गोल्डेन गर्ल' को उपनामले परिचित आफ्नो समयकी चर्चित अस्ट्रेलियन खेलाडी बेट्टी कथबर्टको ७९ वर्षको उमेरमा सोमवार निधन भएको छ।

ओलम्पिक खेलकुदको इतिहासमा उनी महिला एक सय, दुई सय र चार सय मिटर दौडमा स्वर्ण पदक जित्ने एक मात्र खेलाडी हुन्। उनले सन् १९५६ मा आफ्नै राष्ट्रमा आयोजित ओलम्पिक खेलकुदको एक सय, दुई सय र चार गुणा एक सय मिटर रिले दौडमा स्वर्ण पदक जितेपछि 'गोल्डेन गर्ल' को उपनाम पाएकी थिइन्। त्यतिबेला उनले भर्खर १८ वर्षमा पाइला टेकेकी थिइन्।

विश्व एथलेटिक्समा कथबर्टले हासिल गरेको उपलब्धिको कदर गर्दै मेलबर्न क्रिकेट स्टेडियमको प्रवेशद्वारमा उनको प्रतिमूर्ति राखिएको छ। सन् १९६० को ओलम्पिक खेलकुदका क्रममा घाइते भएपछि उनी करिब १८ महिना प्रतियोगिताबाट टाढिएकी थिइन्। लामो समयको विश्रामपछि पुनः ट्रयाकमा फर्किएकी कथबर्टले सन् १९६४ मा जापानको टोकियोमा सम्पन्न ओलम्पिक खेलकुदको चार सय मिटर दौडमा स्वर्ण पदक जितेकी थिइन्।

कथबर्टले आफ्नो सक्रिय खेलजीवनमा विभिन्न स्पर्धामा नौवटा विश्व कीर्तिमान बनाएकी थिइन्। उनी अन्तर्राष्ट्रिय ट्याक एन्ड फिल्ड महासंघबाट 'हल अफ फेम' ले सम्मानित हुने अस्ट्रेलियाकी पहिलो खेलाडी पनि हुन्। अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघ (आईएएएफ) र अस्ट्रेलियन एथलेटिक्स महासंघले कथबर्टको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै विश्व एथलेटिक्सको एउटा जिउँदो इतिहास ढलेको उल्लेख गरेका छन्।

कथबर्ट सन् १९६९ देखि अस्वस्थ्य रहँदै आएकी थिइन्। पछिल्लो पटक उनी सन् २००० मा अस्ट्रेलियाको सिड्नीमा भएको ओलम्पिक खेलकुदको उद्घाटन समारोहमा उपस्थित भएकी थिइन्। त्यतिबेला उनले ओलम्पिक ज्योति पनि बोकेकी थिइन्।

त्यतिबेला ओलम्पिक ज्योति प्रज्ज्वलन गर्ने क्याथी फ्रिम्यानले कर्थबर्टको निधनबाट आफू स्तब्ध भएको बताउँदै उनी आफ्नो प्रेरणाको स्रोत भएको प्रतिक्रिया दिएकी छन। सन् २००० को ओलम्पिकमा फ्रिम्यानले चार सय मिटर दौडमा स्वर्ण पदक जितेकी थिइन्।

# भारतविरुद्धको खेल बहिष्कार गर्नुपर्छः मियाँदाद

करार्ची, ८ अगस्त

पाकिस्तानका पूर्वकप्तान जाबेद मियाँदादले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी) ले आयोजना गर्ने इभेन्टमा पाकिस्तानले भारतविरुद्ध खेल्न नहुने धारणा राखेका छन्। भारत पाकिस्तानसँग खेल्न चाहँदैन तर पाकिस्तानले मात्र प्रतिस्पर्धा गर्ने चाहना राख्नु दुर्भाग्यपूर्ण रहेको उनले बताए। 'भारत खेल्न चाहँदैन भने हामीले मात्र किन प्रतिस्पर्धा गर्ने?' प्रश्न राख्दै मियाँदादले भने, 'हामीले आइसीसीले आयोजना गर्ने प्रतियोगितामा समेत भारतविरुद्ध खेल बहिष्कार गर्नुपर्छ।'



पाकिस्तानले पनि आफ्नो अस्तित्वअनुसार निर्णय गर्नुपर्ने मियाँदादको भनाइ छ। आइसीसीद्वारा आयोजित प्रतियोगितामा भारतसँग प्रतिस्पर्धा गर्दा पाकिस्तानको राष्ट्रियतामाथि नै प्रश्न उठेको उनले बताए। 'हामी छिमेकी राष्ट्रविरुद्ध प्रतिस्पर्धा गरिरहँदा राष्ट्रियतासमेत बिर्सिएका छौं, पाकिस्तानले अब कठोर निर्णय लिनुपर्छ,' पाकिस्तानका लागि १ सय २४ टेस्ट खेलेका मियाँदादले भने, 'मलाई थाहा छैन, हाम्रो बोर्ड भारतसँग प्रतिस्पर्धा गर्न पाउँदा किन खुसी हुन्छ।'

मियाँदादले भारत आफ्नो नीतिमा अडिग रहेको दाबी गरेका छन्। सम्बन्ध सुधार नहुँदासम्म भारतले पाकिस्तानसँग घरेलु तथा तटस्थ भूमिमा प्रतिस्पर्धा नगर्ने नीति बनाएको छ। पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) ले त्यस्तो केही नीति नबनाएको आरोप उनले लगाए। 'भारत आफ्नो प्रतिष्ठाअनुसार अगाडि बढ्छ तर पिसिबीलाई केही मतलब छैन,' पीसीबीतर्फ इंगित हुँदै मियाँदादले भने, 'अब हामी पछाडि हट्नुपर्छ र जबसम्म भारत हाम्रो भूमिमा आएर प्रतिस्पर्धा गर्दैन, त्यसबेलासम्म खेल बहिष्कार गर्नुपर्छ।'

पाकिस्तानले भारतसँग प्रतिस्पर्धा नगरेको अवस्थामा आइसीसी दबाबमा आउने मियाँदादको भनाइ छ। उनी भन्छन्, 'जब हामी प्रतिस्पर्धा गर्दैनौं, त्यसबेला आइसीसी घाटामा जान्छ, किनभने भारत र पाकिस्तानबीच खेलबाट आइसीसीले धेरै फाइदा लिन्छ,' तर्क प्रस्तुत गर्दै उनले भने। भारत र पाकिस्तानबीच खेल नहुँदा विश्व क्रिकेटमै हलचल हुने उनले बताए। 'संसारको कुनै पनि कुनामा भारत-पाक खेल हेर्न चाहन्छन्, त्यो हुन सकेन भने विश्व क्रिकेटमै खल्लोपन आउनेछ,' उनले भने।

भारतले एकपक्षीय रूपमा निर्णय गरेको आरोप मियाँदादले लगाएका छन्। पाकिस्तानले छिमेकी राष्ट्रसँग कहिल्यै पनि अभद्र व्यवहार नगरेको, सधैं मित्रताको हात अगाडि बढाएको उनको भनाइ छ। तर भारतले कहिल्यै पनि पाकिस्तानको मित्रता स्वीकार नगरेको उनको गुनासो छ। 'हामी चाहन्छौं आइसीसीले पाकिस्तानलाई समान व्यवहार गरोस्, एकपक्षीय रूपले हेर्नु भएन,' आइसीसीको कार्यशैलीबाट असन्तुष्ट देखिएका मियाँदादले भने, 'यो विषयमा आइसीसीको कार्यकारी कमिटीले पनि बोल्नुपर्छ किनभने आइसीसीको बोर्ड सदस्यमा भारतको जस्तै पाकिस्तानको पनि उत्तिकै अधिकार छ।'

सन् २००९ मा इस्लामाबादमा श्रीलंकाली टोली सवार बसमाथि आतंककारीले गोली चलाएका थिए। त्यहाँ कुनै अप्रिय घटना भने भएन। यसैगरी, मुम्बई आक्रमणमा पनि पाकिस्तानको बाटो हुँदै मुम्बई आएका आतंककारी होटेल ताजमा आक्रमण गरेका थिए। यी दुई घटनाका कारण भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) ले पाकिस्तानसँग एकपक्षीय रूपमा क्रिकेट नखेल्ने घोषणा गऱ्यो। दुईबीच सम्बन्ध सुधार्न पाकिस्तानले सन् २०१२ मा भारत भ्रमण गऱ्यो। त्यो भ्रमण नै पाकिस्तानको ठूलो गल्ती भएको मियाँदादले विश्लेषण गरेका छन्। 'सम्बन्ध सुधार्न हेतु नै हामी भारतमा गयौं तर मेरो विचारमा त्यो हाम्रो अहिलेसम्मकै ठूलो गल्ती हो,' उनले भने।

# टोरी बोवीले हत्याइन् महिला सय मिटर दौड़मा स्वर्ण पदक




लण्डन, ८ अगस्त

अमेरिकाकी टोरी बोवीले विश्व एथ्लेटिक्स च्याम्पियशीपअन्तर्गत महिला सय मिटर दौडमा स्वर्ण जितेकी छिन्। बोवीले आइभरी कोस्टकी मेरी जोसे ता लोउ तथा नेदरल्यान्डकी डेफी स्चिपरलाई पछि पार्दै स्वर्ण जितेकी हुन्। ओलम्पिककी स्वर्ण विजेता जमैकाकी इलाइन थमसन पाँचौं स्थानमा सीमित बनिन्। थमसनले रियो ओलम्पिपमा २ सय मिटरमा पनि स्वर्ण जितेकी थिइन्। पछिल्लो नौ वर्ष राज गरेकी थमसन पाँचौं हुँदा निराश देखिइन्।

महिला म्याराथनको स्वर्ण बहराइनकी रोज चेलिमोले जितेकी छिन्। केन्यामा जन्मिएर बहराइनबाट खेल्दै आएकी चेलिमोले २ घण्टा २७ मिनेट ११ सेकेण्डमा निर्धारित दूरी पार गरिन्। केन्याकी इडना नइजरवे किप्लागातले २ घन्टा २७ मिनेट १८ सेकेण्डमा म्याराथन पूरा गर्दै रजत पदक हात पारिन्। अमेरिकाकी एमी क्रिग कांस्य पदकमै सीमित भइन्। यसअघि पुरुष म्याराथनको उपाधि केन्याका जियोफ्रे किपकोरिर किरुइले जितेका थिए। किरुइले निर्धारित दूरी २ घण्टा ८ मिनेट २७ सेकेण्डमा पार गर्दा इथियोपियाका तामिरात तोलाले २ घण्टा ९ मिनेट ४९ सेकेण्डमा दूरी पार गरेर रजत हात पारे। तान्जानियाका अन्फोन्स फेलिक्स सिम्बूले २ घण्टा ९ मिनेट ५१ सेकेण्डमा दूरी पार गरेर काँस्य पदक हात पारे।

महिला १० हजार मिटर दौडको स्वर्ण तथा रजत इथियोपियाका खेलाडीले जितेका छन्। इथियोपियाकी अज्माज आयनाले ३० मिनेट १६.३२ सेकेण्डमा निर्धारित दूरी पार गरेर स्वर्ण जितिन्। रियो ओलम्पिममा आयनाले निर्धारित दूरी २९ मिनेट १७.४५ सेकेण्डमा पार गरेर रेकर्ड बनाएकी थिइन्। लण्डनमा भएको प्रतिस्पर्धामा इथियोपियाकै निरुनेस दिबाबा ३१ मिनेट ०२.६९ मा दौड पूरा गरेर रजत जित्न सफल भइन्। दिबाबाको यो टाइमिङ सिजनकै उत्कृष्ट हो। तेस्रो स्थान केन्याकी अग्नेस तिरोपले ३१ मिनेट ०३.५० सेकेन्डमा दौड पूरा गरेर हात पारिन्। यो स्पर्धाको पुरुषतर्फको उपाधि भने ब्रिटेनका मो फराहले जितेका थिए। ओलम्पिक खेलकुदमा चार स्वर्ण जितेका फराहले २६ मिनेट ४९.५१ सेकेन्डमा पूरा गरेका थिए। युगान्डाका जोसाउ चेप्टटेगेले दोस्रो स्थान हात पार्दा केन्याका पाउल तानुइ तेस्रो भएका थिए। फराहभन्दा ०.४३ सेकेण्डले पछि परेका जोसाउले २६ मिनेट ४९.९४ सेकेण्डमा निर्धारित दूरी पार गरेका थिए।

बोवीले निर्धारित दूरी १०.८५ सेकेण्डमा पार गर्दा ता लोउले केवल ०.०१ सेकेण्डले पछि परेकी थिइन्। आइभरी कोस्टकी ता लोउले १०.८६ सेकेण्डमा दौड पूरा गरिन्। तेस्रो स्थान हात पारेकी स्चिपरले १०.९६ सेकेण्डमा दौड पूरा गरिन्। दुई वर्षअघिको च्याम्पियनशीपमा बोवी तेस्रो स्थानमा सीमित बनेकी थिइन् भने तेस्रो भएकी डट खेलाडी स्चिपरले रजत जितेकी थिइन्। स्वर्ण जितेपछि बोवीले कठिन परिश्रमको फल मिलेको प्रतिक्रिया दिइन्। 'अन्ततः मेहन्तको फल मिलेको छ, 'बोवीले भनिन्, 'योभन्दा ठूलो खुसी अरू हुन सक्दैन। के म साँच्चै विश्वच्याम्पियन बनेकी हुँ र?'

# चापेकोइन्समाथि बार्सिलोनाको सहज जीत

रियो, ८ अगस्त

बार्सिलोनाले मैत्रीपूर्ण खेलमा ब्राजिलियन क्लब चापेकोइन्सलाई परजित गरेको छ। चापेकोइन्स त्यही क्लब हो, जसले विमान दुर्घटनामा खेलाडी र टीम स्टाफ गरी १९ जनालाई गुमाएको थियो।

विमान दुर्घटनामा टीमका मुख्य खेलाडीहरुलाई गुमाएको चापेकोइन्सलाई बार्सिलोनाले गाम्पर ट्रफीका लागि निम्तो दिएको थियो। नाउ क्याम्पमा चापेकोइन्सको नेतृत्व एलन रसेलले गरे, जो विमान दुर्घटनामा बाँचेका ३ खेलाडी मध्ये एक हुन्।

बार्सिलोनाले ५-० को जीत निकाल्दा जेरार्ड डेउलोफु, बुस्केट, लिओनल मेस्सी, लुइस स्वरेज र डेनिस स्वरेजले गोल गरे। नेयमारले क्लब छोडेपछि बार्सिलोनाको यो पहिलो खेल समेत थियो।